JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ६७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत ८ गते आइतबार ❑ 21 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## एमालेको १० औँ महाविधेशन आगामी मंसिरमा

**रासस**
**काठमाडौं, ७ चैत**

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आगामी २०७८ मङ्सिर २ देखि ६ गतेसम्म पार्टीको १०औँ महाधिवेशन आयोजना गर्ने भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार बसेको सो दलको केन्द्रीय कमिटीको बैठकले २६४ सदस्यीय केन्द्रीय कमिटीलाई महाधिवेशन आयोजक कमिटीमा रुपान्तरित गरेको हो । बैठकले महाधिवेशन आयोजक कमिटीको अध्यक्षमा केपी शर्मा ओली र महासचिवमा ईश्वर पोखरेललाई यथावत राख्ने निर्णय गरेको प्रवक्ता प्रदीपकुमार ज्ञवालीले जानकारी दिए । यस्तै पदाधिकारी तथा स्थायी कमिटीमा रहने सदस्यका लागि अर्को बैठकमा आवश्यक निर्णय गरिने प्रवक्ता ज्ञवालीको भनाइ छ । महाधिवेशन आयोजक कमिटीका सदस्यको कार्यविभाजनका लागि सङ्गठन विभाग प्रमुख विष्णुप्रसाद पौडेलको संयोजकत्वमा जनसङ्गठन इञ्चार्ज टोपबहादुर रायमाझी र नेता शङ्कर पोखरेल सदस्य रहेको कार्यदल गठन गरिएको छ । कार्यदलले आगामी १० दिनभित्र आवश्यक प्रस्ताव पेश गर्नेछ।

यस्तै प्रदेश इन्चार्ज, सहइन्चार्ज, संयोजक र सहसंयोजकको सिफारिसमा केन्द्रीय कमिटीले प्रदेश कमिटी बनाउने निर्णय गरेको छ। यस्तै सम्बन्धित जनसङ्गठनका इन्चार्ज, सहइन्चार्ज, अध्यक्ष सहअध्यक्षसहित पदाधिकारीसँग सल्लाह गरेर सम्मेलन आयोजक समिति बनाउने जिम्मा नेता रायमाझीलाई दिइएको प्रवक्ता ज्ञवालीले जानकारी दिए। यस्तै प्रदेश मातहतका जिल्ला कमिटीलाई पनि अधिवशेन गर्न निर्देशन दिँदै पालिका कमिटी तथा वडा कमिटीलाई पनि व्यवस्थितरूपमा चुस्त, दुरुस्त बनाउने निर्णय गरेको छ। बैठकले पार्टीलाई अनुशासित, जनआधारित एवं चुस्तदुरुस्त बनाउने निर्णय गर्दै नयाँ शक्तिका साथ अगाडि बढ्ने सङ्कल्पसमेत गरेको छ।

बैठकमा अध्यक्ष केपी शर्मा ओलीले यसबीचमा आन्दोलनमा उत्पन्न भएको सङ्कट तथा पार्टीभित्र नै अन्तरध्वंश गर्न गरिएको प्रयास तथा त्यसलाई जोगाउन नेतृत्व, सङ्गठन र पार्टीका कार्यकर्ताले गरेको प्रयासका बारेमा जानकारी गराएका थिए । अध्यक्ष ओलीले एमालेलाई कमजोर गर्ने, सही विचार र नेतृत्वलाई परास्त गर्ने प्रवृत्तिविरुद्ध सशक्त प्रतिवाद गर्दै अगाडि बढ्ने र पार्टीको नाममा भएको गुटगत क्रियाकलापलाई गम्भीरतापूर्वक लिइएको बताएका थिए । बैठकले पार्टीभित्र नै रहेर गुटगत क्रियाकलपामा संलग्नलाई गम्भीरतापूर्वक आत्मसमिक्षा गरेर आउनेलाई स्वागत गर्ने र उचित जिम्मेवारी दिने भएको छ। पार्टीको निर्देशनविपरीत गुटगत क्रियाकलाप गरेको तथा राष्ट्रिय कार्यकर्ता भेला आयोजना गरेको भन्दै नेताहरू माधवकुमार, नेपाल, भीमबहादुर रावल, सुरेन्द्र पाण्डे, घनश्याम भुसाललाई स्पष्टीकरण सोध्ने निर्णय गरेको उनले बताए । यस्तै एमाले संसदीय दलको विधानलाई केन्द्रीय कमिटीको बैठकले अनुमोदन गरेको छ।

## एकद्धार प्रणालीबाट कर संकलन गर्न अध्यक्ष श्रेष्ठको माग

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ चैत**




नेपाल चेम्बर अफ कमर्सका केन्द्रीय अध्यक्ष राजेशकाजी श्रेष्ठले व्यवसायीमैत्री ढंगबाट एवं एकद्धार प्रणालीबाट कर संकलन गर्नुपर्ने बताएका छन्।

पोखरा चेम्बर अफ कमर्स कास्कीले दोश्रो वार्षिक साधारण सभा तथा योजना तर्जुमा गोष्ठी शनिबार पोखरामा उद्घाटन गर्दै अध्यक्ष श्रेष्ठले देश संघीयतामा राजनीतिक तथा प्रशासनिक अधिकार विकेन्द्रीत भएको अबस्थामा कर प्रणाली पनि एकद्वार प्रणालीबाट कर संकलन गर्नुपर्ने बताएका हुन्।

उनले भने "देशको मुल निती भनेकै राजनीति हो, राजनीतिक स्थायित्व र लगानीको लागि उचित वातावरण नभएसम्म उद्योग व्यवसायको प्रवर्द्धन हुन सक्दैन ।" कोरोनाबाट प्रभावित भएका व्यवसायहरु अझै भयमुक्त भएर व्यवसाय गर्ने वातावरण नभएको उनको भनाईं थियो। उनले सरकारले व्यवसायीको मनोवल बढाउने काम गर्नु पर्ने धारणा राखे। सरकारले उपभोक्ताको क्रयशक्ति बढाउनेमात्र नभई रोजगारी तथा राजश्व बढाउनको लागि केन्द्रीत भएर काम गर्नु पर्ने उनले सुझाव दिए । उनले जिल्ला तथा नगर स्तरका चेम्बरहरुले एक आपसमा आन्तरिक पर्यटन आदान प्रदान गरेर पर्यटन प्रवर्द्धनका काम गर्नु पर्ने धारणा राखे।

गण्डकी प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा गिरीधारी शर्मा पौडेलले सयुक्त राष्ट्र संघले नेपाललाई अति कम विकसित राष्ट्रबाट विकसित राष्ट्रमा रुपान्तरण गरेको जानकारी दिए । नेपालका उद्योगी व्यवसायीहरु अब गरिब देशको नभएको चर्चा गर्दै उनले विदेशबाट आयातित तथा अरुका सामान बेच्न भन्दा आफै उत्पादनमा जोड दिन अनुरोध गरे।

कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी स्थानेश्वर गौतम, गण्डकी प्रदेश चेम्बर अफ कमर्सका अध्यक्ष यदुनाथ अधिकारी, कास्कीका अध्यक्ष किसान सुनार, वरिष्ठ उपाध्यक्ष गिता गौतम तिवारी, महासचिव उमराज बास्तोला, अर्जुन परियार लगायतले बोलेका थिए । महासचिव उमराज बास्तोलाले प्रस्तुत गरेको प्रगति प्रतिवेदन, कोषाध्यक्ष कमलबहादुर बस्नेतले पेश गरेको आर्थिक तथा लेखा परीक्षण प्रतिवेदन र बस्तुगत तर्फ यमनाथ पौडेलले प्रस्तुत गरेको विधान संशोधन प्रस्ताव सभाले सुधार सहित पारित गरेको छ। सभामा विभिन्न विधाका अवार्ड वितरण गर्नुका साथै आजीवन तथा संस्थापक सदस्यहरुलाई प्रमाणपत्र प्रदान गरियो।

## विश्व बजारसँग प्रतिष्पर्धा गर्ने खालको पर्यटन आवश्यक : मन्त्री लम्साल

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ चैत**

गण्डकी प्रदेशका उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री विकास लम्साललले विश्व बजारसँग प्रतिष्पर्धा गर्ने खालको पर्यटन व्यवसायको आवश्यकता रहेको बताएका छन्।

नेपाल एशोसिएशन टुर एण्ड टाभल्स एजेन्ट्स (नाट्टा) गण्डकीको २६औं साधारणसभाको उद्घाटन गर्दै उनले अबको पर्यटन गुजारा चलाउने खालको नभई नयाँ सम्भावनाको खोजी गरेर प्रतिष्पर्धात्मक रूपमा अघि बढ्ने खालको हुनुपर्ने बताएका हुन् । मन्त्री लम्साललले सरकारसँग गुनासो गरेर मात्र नभई आफ्नो क्षेत्रमा दक्ष जनशक्ति तयार गरेर सेवा दिन पर्यटन व्यवसायीलाई आग्रह गरे । उनले भने, 'अब सरकारसँग गुनासो गर्नेतिर मात्र नलाग्नुस्, यस क्षेत्रमा दक्ष जनशक्तिको निकै अभाव छ, पर्यटकलाई कसरी उत्कृष्ट सेवा दिएर खुशी बनाउन सकिन्छ, त्यतातिर जुट्नुस् ।' उनले व्यवसायीलाई सहयोग गर्न सरकार तयार रहेको पनि बताए। मन्त्री लम्साललले पोखरा प्रकृति, संस्कृति र साहसिक गतिविधिको हब भएकाले पर्यटनको दीर्घकालीन विकासका लागि प्रदेश सरकारले योजनाबद्ध विकास कार्यक्रम तय गरेको उल्लेख गर्दै आन्तरिक उडानबाट पर्यटन प्रवर्द्धन गर्न र पूर्वाधार विकासमा पनि सहयोग गर्न सरकार प्रतिबद्ध रहेको बताए। उनले भने, 'हामी व्यवस्थित योजनाका लागि गृहकार्यमा छौँ, निजी क्षेत्रसँग सहकार्य र समन्वय गरेर अघि बढ्छौँ ।' मन्त्री लम्साललले पर्यटन क्षेत्रलाई व्यवस्थित गराउन व्यवसायीबीचको एकता पनि आवश्यक रहेको औँल्याउँदै एकीकृत तथ्याङ्कका लागि व्यवसायीले सही सूचना दिन नखोजेको स्पष्ट पारे । 'वार्षिक १० लाख पर्यटक आउँछन् भन्ने अनुमान छ तर सही सूचना लिन अझै समस्या छ। व्यवसायीले नै पर्यटकको सही सूचना दिन आनकानी गर्छन्, उनले भने, 'श्रममा जोडिएर सरकारलाई नछली नढाँटी वैधानिक बाटोबाट अघि बढ्ने सके समृद्धि हासिल हुन्छ।' मन्त्री लम्साललले विसं २०३५ मा सरकारले पर्यटन नीति ल्याएर अघि बढेको र सङ्घीय पर्यटन ऐन आएपछि सो ऐनसँग नबाझिने गरी प्रदेश सरकारले पर्यटन नीति ल्याउने तयारीमा रहेको जानकारी दिए । नाट्टाका अध्यक्ष अच्युत गुरागाईंले कोभिड-१९ का कारण द्वन्द्वको समयमा भन्दा बढी पीडा व्यवसायीले खेपिरहेको बताउँदै सरकारले पर्यटनमैत्री नीति बनाएर व्यवसायीलाई साथ दिन आग्रह गरे। लुम्बिनी विकास कोषका सद्भावना दूत एवं मायादेवी सुत्केरी मार्गका परिकल्पनाकार विक्रम पाण्डेले लुम्बिनीको इतिहासलाई उघारेर अन्तर ष्ट्रिय बजारमा प्रचारप्रसारको काम गरिएको बताउँदै लुम्बिनीमा स्वर्ण युगको शुरुआत भएको र यसको विकाससँगै पोखराको पर्यटनमा थप विकास हुने उल्लेख गरे । पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले कोभिड-१९ पछिको विषम परिस्थितीमा पर्यटन प्रवर्द्धनका लागि सरकारले ठोस कार्यक्रम अघि सार्नुपर्नेमा जोड दिदैं कम्पनी रजिष्ट्रारको कार्यालय प्रदेशमा नहुँदा व्यवसायीले झन्झट व्यहोरिरहेकोतर्फ सरकारको ध्यानाकर्षण गराए। नाट्टा गण्डकीका अध्यक्ष सञ्जयकान्त सिग्देलले पोखरा सुरक्षित र खुला छ भन्ने सन्देशसहित संस्थाले आन्तरिक पर्यटन प्रवर्द्धनका कार्यक्रमसहित छिमेकी जिल्ला भ्रमणबाट शुरुआत गरेको जानकारी दिदैं पोखरा र नेपागञ्ज हवाई उडानबाट जोड्न पनि नाट्टा सफल भएको बताए।

नाट्टा प्रदेश नं १ का अध्यक्ष उदय श्रेष्ठ, लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद अधिकारी (सागर), परिषद्का पूर्वअध्यक्ष ओम पाण्डे, सुलीकोट गाउँपालिकाका उपप्रमुख सनमाया गुरुङलगायतले पर्यटन क्षेत्रका सम्भाव्यता, चुनौती आगामी योजनाका बारेमा क्षेत्रगत धारणा राखेका थिए।

सो अवसरमा मनहरा सिग्देल स्मृति पुरस्कारबाट संस्थाका कर्मचारी देवराज देवकोटालाई नगद १० हजार र संस्थागत योगदानसहित विभिन्न जिम्मेवारी पूरा गर्नुभएका सदस्यलाई संस्थाले सम्मान गरेको संस्थाका प्रथम उपाध्यक्ष एवं कार्यक्रम संयोजक हरिराम अधिकारीले जानकारी दिए। कार्यक्रममा संस्थाका महासचिव कमला गिरीले संस्थाको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेकी थिइन।

## प्रधानमन्त्री बन्नुभन्दा पनि पार्टी बनाउन लाग्नुपर्छः सभापति देउवा

**रासस**
**चितवन, ७ चैत**

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरवहादुर देउवाले अहिले कांग्रेस प्रधानमन्त्री पदका लागिभन्दा पनि पार्टी बनाउन लाग्नुपर्ने बताएका छन्।

नेपाली कांग्रेस तरुण विभागले शनिबार रत्ननगरमा आयोजना गरेको युवा तरुण जागरण भेलालाई सम्बोधन गर्दै उनले अहिले प्रधानमन्त्री बन्नुभन्दा कांग्रेसलाई निर्वाचनमा पहिलो पार्टी बनाउनेसमय आएको बताएका हुन् । उनले भने, "प्रधानमन्त्री बन्नुभन्दा पार्टी बनाउन लाग्नुपर्छ । टाउकामा जिम्मेवारी आयो भनेपछि पर्ने वाला पनि छैन ।" सभापति देउवाले अहिले नेकपा एमाले र माओवादी केन्द्रको संयुक्त सरकार रहेको छ भन्दै माओवादी केन्द्रले सरकारबाट समर्थन फिर्ता नलिएको बताए। उनले भने, "मधेशवादी दल, माओवादी केन्द्र र नेकपा एमालेका ओली र नेपाल पक्ष कसरी अगाडि बढ्छन् । त्यो हेर्नुपर्छ ।" सभापति देउवाले निर्वाचनको तयारीमा लाग्न कार्यकर्तालाई निर्देशन पनि दिए । आपसी मतभेदको अन्त्य गर्दै निर्वाचनको तयारी गर्न उनले नेता तथा कार्यकर्तालाई आग्रह गरे । सभापति देउवाले स्थानीय तहदेखि संघीय तहसम्म निर्वाचनहुने भएकाले सबैलाई व्यवस्थापन गर्न सकिने बताउँदै जनताको घर दैलोमा गएर निर्वाचनका लागि तयारी गर्न कार्यकर्तालाई निर्देशन दिए । उनले भने, "जनता मालिक हुन् । नोकर होइनन् । भाषण गरेर मत दिँदैनन् । जनताको सुख दुःखमा साथ दिनुस् । निर्वाचन जितिन्छ।" कांग्रेस भित्रको आन्तरिक विवाद टुङ्गाएर अघि बढ्ने समय आएको उनको भनाइ छ । कांग्रेसका सहमहामन्त्री डा प्रकाशशरण महतले कांग्रेस सर्तसहित सरकारमा नजाने बताए । उनले भने, "कांग्रेस सरकारमा जान्छ तर हातखुट्टा बाँधेर सरकारमा जाँदैन।"

## कृषि ज्ञानकेन्द्र र भेटेरीनरी अस्पतालका कार्यालय

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ चैत**

मनाङमा कृषि ज्ञानकेन्द्र र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको कार्यालय स्थापना गरेको छ । जिल्ला सदरमुकाम चामेमा खोलिएका दुवै कार्यालयको शुक्रबार भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री लेखबहादुर थापामगरले उद्घाटन गरे।

सङ्घीयता लागू भएसँगै विघटित साविकका जिल्ला पशु सेवा कार्यालय तथा कृषि विकास कार्यालयका भवनमा प्रदेश सरकारले ती कार्यालय सञ्चालनमा ल्याएको हो । आफ्नै जिल्लामा कार्यालय नहुँदा मनाङवासी कृषि र पशु सम्बन्धित सेवाका लागि लमजुङमा जानुपर्ने बाध्यता रहेको थियो। सम्बन्धित जिल्लाका कृषकलाई जिल्लाभित्रै सेवा दिने र एक जिल्लाभन्दा बाहिर अर्को जिल्लामा जानु नपर्ने गरी कार्यालय नभएका जिल्लामा कार्यालय स्थापना गर्ने कार्यक्रम प्रदेश सरकारले चालू आर्थिक वर्षको कार्यक्रम राखेको कृषिमन्त्री थापामगरले बताए। उनका अनुसार विगतमा गण्डकीका सात जिल्लामा भेटेरीनरी अस्पताल र छ जिल्लामा कृषि ज्ञान केन्द्रको कार्यालय रहेकामा यस वर्ष ११ वटै जिल्लामा दुवै कार्यालय स्थापना गरिसकिएको छ । कार्यक्रममा कृषिमन्त्री थापामगरले नयाँ खोलिएका कार्यालयमा न्यूनतमा तीनदेखि पाँच जना कर्मचारी व्यवस्थापन गरिएको बताउँदै अभाव पूर्तिका लागि करारमा भर्नाको प्रक्रिया चलिरहेकाले चैत मसान्तभित्रमा आवश्यक जनशक्ति व्यवस्थापन गरिने बताए। जनताले सङ्घीयताको महशुस गर्नका लागिसमेत विगतमा रहेका जिल्लास्थित सबै कार्यालय पुनःस्थापना गर्ने प्रदेश सरकारको कार्यक्रम रहेको बताउँदै उहाँले मनाङमा स्थापना भएका कार्यालयबाट जिल्लाका चारवटै स्थानीय तहका जनताले सहज सेवा प्राप्त गर्ने र समन्वयका लागि सहज हुने विश्वास व्यक्त गरे । मन्त्री थापाले भने, "सङ्घीय शासन प्रणालीमा जनताले विगतमा पाउँदै आएको सुविधा पनि खोसिएको गुनासा आएका थिए । प्रदेश सरकारले त्यसलाई गम्भीररूपमा लिएर कृषि, भौतिक पूर्वाधार, खानेपानीलगायतका अत्यावश्यक कार्यालय सबै जिल्लामा स्थापना गर्न शुरु गरेको छ, सरकारी कार्यालयले नजिकबाट जनताको आवश्यकता बुझेर सेवा प्रवाह गर्नु आवश्यक छ ।" जिल्ला समन्वय समितिका प्रमुख यज्ञप्रसाद घलेले कृषि तथा पशुपक्षी विकासका कार्यक्रममा सबै जनताको पहुँच र सहभागिता आवश्यक गर्ने व्यवस्था गर्न माग गरे । अनुदान, उन्नत बीउ तथा बेर्ना वितरणलगायतका कार्यक्रममा पहुँचवाला र टाठाबाठाको मात्र पहुँच हुने प्रवृत्ति अझै अन्त्य नभएको उनले गुनासो गरे । कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी, शारदा चालिसे, चामे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरबहादुर चन्द, कृषि ज्ञान केन्द्रका प्रमुख बालकृष्ण अधिकारी, भेटेरीनरी अस्पताल प्रमुख नारायण कुसुमलगायतले जिल्लामा स्थापना भएका कार्यालयबाट कृषि विकासका कार्यक्रम सञ्चालनसहित स्थानीय तहसँग समन्वयमा कार्यक्रम अघि बढाउन सहज हुने विश्वास व्यक्त गरेका थिए।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# श्रमिक समस्यामा हुनु देशको दुर्भाग्य : यादव

पोखरापत्र संवाददाता
**पोखरा, ७ चैत**

नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय समितिका कार्यवहाक अध्यक्ष महेन्द्रप्रसाद यादवले नेपाली श्रमिकको सामान्य अवस्थासमेत सुध्रन नसक्नु देशको दुर्भाग्य भएको बताएका छन् ।




नेपाल ट्रेड युनियन कांग्रेसका संस्थापक स्वर्गीय गिरिजाप्रसाद कोइरालाको ११ औं स्मृति दिवसको अवसरमा ट्रेड युनियन नेता यादवले बीपीको नाम जप्ने, गिरिजाप्रसादको फोटो झुन्ड्याउने तर समाजवादको धार अंगाल्न नसक्ने कांग्रेस पार्टीले श्रमिकलाई स्थान दिनै नसक्ने बताए । उनले भने, 'हामी कांग्रेससँग नजिकमात्र हो, पार्टीसँग हाम्रो सधै चेतावनीमा चलेको छ ।' यादवले थपे, 'योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा लक्ष्मण दाईले जति गर्नु भयो, त्यसलाई कांग्रेसले गर्न सकेन ।' 'कांग्रेस प्रजातन्त र लोकतन्त्रमा विश्वास गरेकाले हाम्रो समर्थन हो ।' नेता यादवले ओली सरकारले पोलपोलमा नयाँ युग भन्दै फोटो टाँसेपनि ९० प्रतिशत नेपाली श्रमिक सामाजिक सुरक्षा सुविधाबाट बञ्चित भएको धारणा राखे । नेता यादवले निजी क्षेत्रलाई हवला दिँदै स्वरोजगार, असंगठित र स्वयं सरकारसँगै करारमा सेवा गर्नेहरुमाथि समेत चरम विभेद भएको बताए । नेपाल ट्रेड युनियन कांग्रेस कास्कीको आयोजनामा भएको सभामा कावा अध्यक्ष यादवले सदस्य संख्या बृद्धि गर्दै बार्गेनिङ पावर बढाउन जिल्ला र प्रदेश समितिलाई निर्देशन दिए । कोभिडले चुनौति र अवसर दुवै दिएको भएपनि श्रमिकको सवालमा सरकार अभिभावक बन्नै नसकेको चर्चा गरे । महामारी कसैको बहसमा नभएको भन्दै नेता यादवले जिल्ला तहमै जगेडा कोष स्थापना गरेर श्रमिकलाई राहत दिन सक्नु पर्ने बताए ।

जिल्ला अध्यक्ष विजयराज भण्डारीको अध्यक्षतामा भएको स्मृति दिवसमा नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय समितिका उपमहासचिव राधिका कुँइकेल, एनटियुसी गण्डकी प्रदेश अध्यक्ष मुरारी शर्मा, एनटियुसीका केन्द्रीय सदस्य जीतबहादुर गुरुङ, वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष ज्ञाज शर्मा, जिल्ला सचिव रुद्रप्रसाद तिमिल्सिना लगायतले बोलेका थिए । स्मृति दिवसमा २०४८ मा बनेको श्रम ऐन र २०४९ मा बनेको ट्रेड युनियन ऐनले दिएको अधिकारसमेत वर्तमान सरकारले खोस्दै लगेको आरोप लगाएका थिए । सभामा देशमा भएको हरेक पटकको परिवर्तनमा ट्रेड युनियन कांग्रेसको भूमिका बृहत् रहेपनि सरकारको कार्यशैली गलत बन्दा श्रमिक सधै मारमा पर्ने गरेको भनाई उल्लेख गरिएको थियो ।

# हाम्रो परिवर्तन नेपालले भ्रष्टाचारको विरोध गर्दै बजार परिक्रममा

विनय पौडेल
**पोखरा, ७ चैत**

हाम्रो परिवर्तन नेपालले भ्रष्टाचारको विरोध गर्दै बजार परिक्रममा गरेको छ ।

भष्ट्राचार विरुद्ध लेखिएको टिर्सट लगाएर पोखरा मानवअधिकार चोकबाट पोखरा न्युरोड, सभागृह, पृथ्वीचोक नयाँबजार, महेन्द्रपुल हुँदै मानवअधिकार चोकमा गएर बजार परिक्रममा कार्याक्रम सकिएको थियो ।

भ्रष्टाचार हटाऔं, देशलाई बचाऔं र भ्रष्टाचारीको बिरोध गरौं, परिवर्तन नेपालको मुलभुत आधार नै भ्रष्टाचारको अन्त्य हो , भ्रष्टाचार र भ्रष्टाचारीलाई बाइ बाइ सन्तुलन नेपाल हाइ हाइ, देशको सम्मन गर्नु नै भ्रष्टचारीको अन्त्य गर्नु हो, लयातका नारा लेखेको प्ले कार्ड बोकेर बजार परिक्रमा गरेका थिए । हाम्रो परिवर्तन नेपालका संयोजक डाक्टर ढाका कुमार श्रेष्ठले अब नेपालीले भष्ट्राको विरुद्धमा संस्थाको कदम सरु भएको बताए । हाम्रो परिवर्तन नेपालका संयोजक हरि कार्कीले भष्ट्राचारको विरुद्धमा नबोलेमा देशमा बिकास नहुने बताए ।

# भलिबल प्रतियोगिताबाट बचत रकमले वृद्धाश्रमलाई सहयोग

विनय पौडेल
**पोखरा, ७ चैत**

भलिबल प्रतियोगिताबाट बचत रकमले वृद्धाश्रममा नगद र खाद्यान्न सहयोग प्रदान गरिएको छ ।



पोखरा महानगरपालिका-११ फूलबारीमा क्रियाशिल धरहरा युवा क्लब र धरहरा टोल विकास संस्थाले महाशिवरात्री पर्वका अवसरमा आयोजना गरेको महिला तथा पुरुष खुला भलिबल प्रतियोगिताबाट बचत रकमबाट आज पोखरा-१७ महतगौडामा अवस्थित पोखरा वृद्धाश्रममा वृद्धबृद्धाका लागि रु २० हजार बराबरको सहयोग गरेको हो ।

टोल विकास संस्थाका उपाध्यक्ष पदम दवाडी, सचिव सुरज पोखरेल र क्लबका अध्यक्ष किसन तिलिजा पुनले वृद्धाश्रमका कर्मचारीलाई नगद रु पाँच हजार तथा चामल, तेल, नून लगायतका खाद्यान्न हस्तान्तरण गर्नुभएको थियो । संस्थाले रु १५ हजार बराबरको खाद्यान्न प्रदान गरेको जनाएको छ । खेल र खेलाडीको प्रवर्द्धन तथा धरहरा टोललाई चिनाउने उद्धेश्यले गत फागुन २७ देखी चैत २ गतेसम्म आयोजना गरिएको सो प्रतियोगिताबाट बचत रकम सामाजिक कार्यमा लगाउने योजना अनुसार वृद्धाश्रमलाई सहयोग गरिएको संस्थाका उपाध्यक्ष दवाडीले बताउनुभयो । क्लबका अध्यक्ष पुनले पहिलो संस्करणको प्रतियोगिता लक्ष्य अनुसार सफल भएकाले सबैको साथ र सहयोगबाट आगामी वर्ष पनि निरन्तरता दिइने बताउनुभयो । भलिबल प्रतियोगितामा पुरुषतर्फ बाग्लुङ जिल्ला भलिबल संघ प्रथम,धरहरामार्ग युवा क्लब द्धितीय र धौलागिरी मगर समाज हेमजा तृतीय बन्न सफल भई क्रमशः रु ३० हजार, रु २० र रु १० हजार पुरस्कार प्राप्त गर्न सफल भएका थिए । यसैगरी महिलातर्फ धरहरा युवा क्बल पहिलो र टिजीगर्ल गगनगौंडाले दोस्रो स्थान हासिल गरी रु १५ हजार र रु १० हजार पुरस्कार प्राप्त गरेको प्रतियोगिता संयोजक सोमु भलङ्जा छन्त्यालले जानकारी दिनुभयो । प्रतियोगितामा पुरुष २० र महिला नौ टोलीले सहभागिता जनाएका थिए ।

# सामुदायिक वनलाई समृद्धिको आधार बनाइने : मन्त्री लम्साल

पोखरापत्र संवाददाता
**पोखरा, ७ चैत**

गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री विकास लम्सालले सामुदायिक वनलाई उत्पादनसँग जोडेर समृद्धिको आधार बनाइने बताएका छन् ।



सामुदायिक वन उपभोक्ता महासङ्घ गण्डकी प्रदेशको प्रथम परिषद्को शनिबार पोखरास्थित पर्यटकीय क्षेत्र काहुँडाँडामा उद्घाटन गर्दै उनले सरकारले वन पैदावार उद्योग सञ्चालनमा शून्य मापदण्ड कायम गर्ने तयारी गरिरहेको बताएका हुन् ।

मन्त्री लम्साललेसामुदायिक वनलाई उद्यमसँग जोड्नका लागि कुनै पनि कानूनी बाधालाई फुकाएर जुनसुकै वन पैदावार उद्योग सञ्चालनमा सहजता बनाउन पहल भइरहेको जानकारी दिँदै त्यसका लागि सरकारले उद्योग स्थापना गर्न आवश्यकतानुसार आर्थिक सहयोगसमेत गर्ने प्रतिबद्धता व्यक्त गरे । "प्रदेश सरकारले सामुदायिक वनको हैसियत नबिग्रने गरी पर्यटन प्रवर्द्धन र कृषि उत्पादनमा समेत जोड दिँदै आएको छ", उनले भने, "महासंघले सञ्चालन गरेको एक वन एक उत्पादनलाई तदारुक्ताका साथ अघि बढाउन सक्नुपर्छ ।"

मन्त्री लम्साललेस्थानीय वन ऐन निर्माणमा जनप्रतिनिधि र सामुदायिक वन महासङ्घको सहकार्य आवश्यक हुने विश्वास व्यक्त गर्दै वन पैदावारको भरपुर उपयोग गरेर रोजगार सिर्जना गर्नुपर्ने आवश्यकता औल्याए ।

सामुदायिक वन उपभोक्ता महासङ्घका केन्द्रीय अध्यक्ष भारती पाठकले उद्यमशीलता, पर्यापर्यटन विकासमा जनताको अधिकार सुनिश्चित गर्ने गरी स्थानीय वन ऐन निर्माण गर्नुपर्ने बताउँदै विद्यमान कानूनी अड्चनका कारण उपभोक्ताले सामुदायिक वनका ढलापडा र उमेर पुगेका वन पैदावार निकासी गर्न अप्ठेरो परेको हुँदा वनमा काठ कुहिने र उपभोक्ताले विदेशी काठ प्रयोग गर्ने वर्तमान अवस्थाको अन्त्यका लागि सरकार ास्तरबाट सोचिनुपर्नेमा जोड दिए । सुख्खा मौसममा लाग्ने डढेलोर वनयजन्तुको आक्रमणबाट हुने मानवीय क्षतिको न्यूनीकरणका लागि विशेष पहल हुनुपर्ने बताउँदै उनले डढेलो र वन्यजन्तुको आक्रमणबाट हुने क्षतिको क्षतिपूर्तिका लागि महासङ्घले बीमा गरेको जानकारी दिए ।

मन्त्रालयका सचिव डा महेश्वर ढकालले सामुदायिक वनका उपभोक्ता र निजी क्षेत्रको सहकार्यमा वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्नुपर्ने आवश्यकता औल्याए। कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासङ्घका केन्द्रीय सचिव ठाकुर भण्डारी र कोषाध्यक्ष पार्वता गौतमले सामुदायिक वनले उद्यम सञ्चालन गरेर समृद्धिको अभियानमा अघि बढेको बताउँदै पर्यापर्यटन प्रवर्द्धनको नाममा पैसा होइन अधिकारकाका लागि एकताबद्ध भएर अघि बढ्नुको विकल्प नभएको धारणा राखे । महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष कालीदास सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझा, फेदीखोला गाउँपालिकाका अध्यक्ष धनश्याम सुवेदी, पुतलीबजार नगरपालिकाका प्रमुख सीमा क्षेत्री, पोखरा- ११ का वडासदस्य मीनबहादुर गुरुङ, धारापानी सामुदायिक वन समूहका अध्यक्ष कुमारबहादुर क्षेत्री, स्याङ्जा अध्यक्ष दोवबहादुर कार्कीलगायतले वन्यजन्तुबाट हुने आक्रमणको क्षतिपूर्तिभन्दा पनि द्वन्द्व न्यूनीकरणमा जोड दिनुपर्नेमा बताए । गण्डकी प्रदेशका ११ जिल्ला, ७० स्थानीय पालिका, प्रदेश समिति, केन्द्रीय समितिका गरी कूल ३०० जना सहभागी रहेको परिषद्ले महासचिव रत्ना धिमिरेद्वारा प्रस्तुत साङ्गठनिक र कोषाध्यक्ष गीता लामिछानेले पेश गर्नुभएको आर्थिक प्रतिवेदन पारित गरेको थियो । समारोहमा गण्डकी प्रदेशअन्तर्गतका वन पैदावारमा आधारित उद्योगबाट उत्पादित बेलको जुस, फुर्केटारी सामुदायिकवनकोउत्पादनफुर्केटारी मिनीरल वाटर, स्थानीय उत्पादन बटाईको अण्डालगायत प्रदर्शन गरिएको थियो भने कालीका माविका विद्यार्थीले नृत्य प्रस्तुत गरेका थिए ।

# प्रदेश सदस्य सचिव गुरुङ सम्मानित

विनय पौडेल
**पोखरा, ७ चैत**

पोखरा चेम्बर अफ कमर्स कास्कीले गण्डकी खेलकुद परिषदका सदस्य सचिव तेज बहादुर गुरुङलाई सम्मान गरेको छ ।




नेपाल ओलम्पिक कमिटिका उपाध्यक्ष, दक्षिण एसियाली ह्याण्डवल संघका उपाध्यक्ष, पुतपूर्व खेलाडी मञ्चका अध्यक्ष पुर्व राष्ट्रिय खेलाडी गुरुङ चेम्बर कास्कीको सल्लाहकार भएकोले हालै प्रदेशको सदस्य सचिवमा नियुक्त भएकोले उहाँको कार्यकाल सफलताको कामना गर्दै सम्मान गरिएको चेम्बर कास्कीका अध्यक्ष किसान सुनारले बताए ।

प्रदेश सदस्य सचिव गुरुङलाई नेपाल चेम्बर अफ कमर्सका केन्द्रीय अध्यक्ष एवं पूर्व मन्त्री राजेशकाजी श्रेष्ठले प्रशंसापत्रको साथमा दोसला ओढायर सम्मान गरेको महासचिव उमराज बास्तोलाले बताए ।

उत्त अवसरमा पोखरा लामाचौरको विन्ध्यवासिनी चिउरा उद्योगका संचालक गोविन्द थापा, संस्थाका सचिवालय सदस्य रवीबहादुर विकलाई प्रेसिडेन्टल अवार्ड, पोखरा च्याम्बर अफ कमर्स उत्तरी क्षेत्र इकाई, वाणिज्य तर्फका उपाध्यक्ष प्रेमबहादुर भुजेललाई उत्कृष्ट कार्य समिति सदस्य सम्मान, महिला चेम्बर अफ कमर्स कास्कीलाई उत्कृष्ट विभाग समिति सम्मान, संस्थालाई आर्थिक सहयोग प्रदान गर्ने सचिव प्रेमप्रसाद सुवेदी र राजश्व परामर्श समितिका सदस्य इन्द्रप्रसाद भुवाई (राजु) लगायतलाई सम्मान गरिएको छ ।






**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ईश्वरीय चिन्तनले मनलाई शान्त पार्दछ।

- प्रेमचन्द

## सम्पादकीय

# गुटबन्दी विरुद्ध एमाले

सर्वोच्च अदालतको फागुन २३ गतेको फैसलाले ब्युँतिएको नेकपा एमाले गुटबन्दी विरुद्ध लागेको छ। एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपा बदर भएपछि दुवै दलले आआफ्ना गतिविधि बढाउँदै लगेका छन। संसद्को सबैभन्दा ठूलो दल एमाले गुटबन्दीको शिकार भएको छ। नेकपा हुँदा तीनवटा गुट कृयाशील थिए। एमाले र माओवादीको एकता बदर भएपछि दुवै पार्टी एकताबद्ध देखिएका छैनन्। एमालेमा बरिष्ठ नेता झलनाथ खनाल - माधवकुमार नेपाल समुहले गुटबन्दी गर्दै आएको भन्दै संस्थापन पक्षले कार्वाही प्रक्रिया अघि बढाएको छाखनाल - नेपाल समुहले पार्टीको नाम दुरुपयोग गरेको भन्दै बरिस्ठ नेता माधवकुमार नेपाल, भीमबहादुर रावल, सुरेन्द्र पाण्डे र घनश्याम भुषालसंग स्पष्टीकरण सोध्ने निर्णय गरेको छ। फागुन २८ गतेको निर्णय रद्ध गर्नुपर्ने माग गर्दै आएको नेपाल समुहले समानान्तर गतिविधि बढाउँदै लगेपछि केन्द्रीय कमिटीलाई महाधिवेशन आयोजक कमिटी गठन गरेको छ। साविकको केन्द्रीय कमिटीलाई दसौं महाधिवेशन आयोजक कमिटीमा रुपान्तरण गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार बसेको केन्द्रीय कमिटी बैठकले अहिलेको केन्द्रीय कमिटीलाई महाधिवेशन आयोजक कमिटीमा रुपान्तरित गरेर महाधिवेशन आयोजक कमिटीको अध्यक्षमा केपी शर्मा ओली र महासचिवमा ईश्वर पोखरेल रहने निर्णय भएको छ। महाधिवेशन आयोजनाका लागि पदाधिकारी र केन्द्रीय कमिटी सदस्यहरूको जिम्मेवारी तय गर्न कार्यदल गठन गरिएको छ। २ सय ६४ जना केन्द्रीय सदस्य तथा पदाधिकारीको कार्यविभाजन गर्नका लागि विष्णु पौडेलको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गरिएको छ। जसमा टोपबहादुर रायमाझी र शंकर पोखरेल सदस्य रहेका छन। कार्यदलले कार्यविभाजनका साथै संगठनलाई व्यवस्थित गर्ने प्रस्ताव १० दिनभित्र तयार पार्ने जिम्मेवारी पाएको छ।

सबै जिल्ला कमिटीको अधिवेशन सम्पन्न गर्न सातवटै प्रदेश कमिटीलाई जिम्मेवारी दिइएको पार्टी प्रवक्ता प्रदीप ज्ञवालीले दिएका छन। पार्टीको सदस्यता नवीकरणका लागि असार मसान्तसम्मको समयसिमा दिइएको छ। १० औं राष्ट्रिय महाधिवेशन मंसिर २ गते देखि ६ गतेसम्म गर्ने निर्णय यसअघि नै केन्द्रीय कमिटीले गरिसकेको छ। अब उप्रान्त प्रदेश मातहतका जिल्ला कमिटीहरुलाई जिल्ला संगठन कमिटीमा रुपान्तरीत गर्न र ति जिल्लाहरुको समयमै अधिवेशन सम्पन्न गर्ने। पालिका कमिटी र वडा कमिटीहरुलाई समेत व्यवस्थित ढंगले कामलाई अगाडि लैजान त्यस सम्बन्धि जिम्मेवारी सातवटै प्रदेश कमिटीहरुलाई सुम्पेको छ । प्रदेश कमिटीलाई थप व्यवस्थित गरिनुपर्ने कुराहरु भए त्यस सम्बन्धि प्रस्ताव प्रस्तुत गर्न प्रदेशका इन्चार्ज, सहइन्चार्जहरु, अध्यक्ष र सचिवहरुले आयोजक कमिटीमा प्रस्ताव प्रष्तुत गर्ने जिम्मेवारी दिएको छ। जनसंगठनका कामहरु व्यवस्थित गर्नका लागि त्यसका ईन्चार्ज टोप बहादुर रायमाझीले विभिन्न जनसंगठनका इन्चार्ज, सहइन्चार्जह्रु र संगठनका अगुवाहरुसँग बसेर प्रस्ताव प्रष्तुत गर्ने र सबै जनसंगठनलाई महाधिवेशन आयोजक कमिटीमा रुपान्तरित गरेर जनसंगठनलाई व्यवस्थित बनाउने काम सम्पन्न गर्ने निर्णय गरेको छ।

गुटबन्दीले ग्रस्त एमालेले पार्टीलाई अनुशासित ,जनआधारित, चुस्त र राष्ट्रिय राजनीतिलाई ड्राइभ गर्न सक्ने नयाँ शक्तिको रुपमा स्थापित गर्ने संकल्प गरेको छ। फागुन २३ गते भन्दा अगाडीका गतिविधीलाई छुट दिन सकिने तर त्यसभन्दा पछि पनि लगातार गुटबन्दी गर्ने कुरालाई भने कदापी क्षमा गर्ने सकिदैन भन्ने निष्कर्षका साथ पार्टीको स्पष्ट निर्देशन अनुसार भेला गर्न पाइदैन भन्ने स्पष्ट निर्देशन हुँदाहुँदै पनि नेकपा एमालेकै ब्यानरमा नेकपा एमालेको राष्ट्रिय कार्यकर्ता भेला भनेर जुन ढंगको भेला गरियो त्यो असाध्यै गम्भीर र अनसाशन विपरीतको बिषय भएको हुनाले यस्तो गुटगत क्रियाकलापमा मूख्यतया जिम्मेवार माधव कुमार नेपाल, भीम रावल, सुरेन्द्र पाण्डे र घनश्याम भूषालसँग स्पष्टिकरण माग गर्ने निर्णय गरिएको छ। एमालेलाई कमजोर बनाउने काम गुटबन्दी हो । गुटबन्दीका आधारमा जिम्मेवारी दिने विगतको परिपाटी हटाउन एमाले नेतृत्वलाई कार्यकर्ता, शुभेच्छुक र समर्थकले सुझाव दिदै आएका हुन ।पार्टी एउटै जस्तो देखिनु पर्ने जनआवाजलाई एमालेले सुन्न थालेको छापार्टीलाई चुस्त, गतिशील र अनुशासित बनाउन गुटबन्दी विरुद्ध उभिनु पर्दछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : मन चञ्चल | धनु | : झमेला बड्ने |
| कर्कट | : कार्यमा सफलता | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शारिरीक झमेला | कुम्भ | : मानसिक तनाब |
| कन्या | : आर्थिक समस्या | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# गण्डकी प्रदेश स्तरीय विद्यालय चित्रकला प्रतियोगीता सम्पन्न

मिना पौडेल
पोखरा, ७ चैत

इन्द्रेणी थिएटर पोखरा र लायन्स क्लबको संयुक्त आयोजनामा गण्डकी प्रदेशमा रहेका विद्यालयहरूलाई समेटेर आयोजना गरिएको "क्यानभाषमा बाल मनोबिज्ञान" गण्डकी प्रदेश स्तरीय विद्यालय चित्रकला प्रतियोगीता २०७७ सम्पन्न भएको छ।

दुई चरणमा सम्पन्न गरिएको प्रतियोगिताको प्रथम चरणमा सहभागिता जनाएका १९७ चित्र मध्येबाट उत्कृष्ट १२ प्रतियोगी छनौट गरिएको थियो। दोस्रो चरणमा प्रथम चरणबाट छनौटमा परेका उत्कृष्ट १२प्रतियोगीले कार्यक्रम स्थलमा नै चित्र बनाएका थिए। उनीहरूले चित्र कोरिरहंदा नै निर्णायकहरूले मूल्याङ्कन गरि प्रथम, द्वितीय, तृतीय र सान्त्वना छनौट गरिएको थियो । प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेहरुमा क्रमशःकुमुदिनि होम्स मा.वि.का युकेस सुनार, हिलप्वाईन्ट मा.वि.का सपना नेपाली, कास्की मोर्डनाईज्ड एकेडेमीका जेसिका तिलिजा पून र गण्डकी बोर्डिङ् स्कुलका स्वरुप माकाजु रहेका छन् । उनीहरुले क्रमशः ९,०००, ६,०००, ३,००० र १,००० नगद




पुरस्कार सहित मायाँको चिनो र प्रमाणपत्र प्राप्त गरेका छन्। अन्य सम्पूर्ण सहभागीहरुले मायाँको चिनो र प्रमाणपत्र प्राप्त गरेका छन् । कार्यक्रमका प्रमुख अतिथि प्राज्ञ तथा बिम्ब कवि रमेश श्रेष्ठले, अहिले बिद्यालयहरुले कला क्षेत्रलाई यसरी प्राथमिकतामा राखेर अध्ययन, अध्यापन गराउनु निकै प्रसंसनिय काम भएको बताए । त्यस्तै उनले कला र शिक्षा फरक भएको र शिक्षाले भन्दा पनि बढी जिवनको ज्ञान कलाले दिनसक्ने बताए। निर्णयक संयोजनमा रहेका बरिष्ठ चित्रकार कृष्ण मर्सानीले कलालाई निरन्तर साधना गर्न सक्ने हो भने व्यक्तित्व विकास र जिवन भोगाईमा निकै असरदार काम गर्ने कुरा बताए। निर्णायकको भूमीकामा बरिष्ठ चित्रकार कृष्ण मर्सानी र मनोज तामाङ रहेका थिए । लायन्स क्लबका अध्यक्ष सुनिल कुमार ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा इन्द्रेणी थिएटरका अध्यक्ष केदारनाथ पौडेलले स्वागत मन्तब्य राखेका थिए भने कार्यक्रमको सन्चालन "प्राञ्जल"ले गरेका थिए। कार्यक्रम बिकास पौडेलको संयोजनमा सम्पन्न भएको थियो।

# आयोजना प्रभावितका छोराछोरीलाई छात्रवृत्ति

पोखरापत्र संवाददाता
तनहुँ, ७ चैत

तनहुँको ऋषिङगाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाले प्रभावित व्यक्तिका छोराछोरीलाई छात्रवृत्ति प्रदान गरेको छ।

आयोजनाले सामाजिक उत्तरदायित्व बहनअन्तर्गत सोही वडामा रहेको शुक्ला माध्यमिक विद्यालयबाट छात्रवृत्ति वितरण शुरुआत गरेको हो।

आयोजनाले विद्यालयमा अध्ययनरत १० विद्यार्थीलाई रु एक लाख सात हजार छात्रवृत्ति रकम प्रदान गरेको सहनिर्देशक भोला शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार प्रतिविद्यार्थी रु १० हजार ७०० का दरले छात्रवृत्ति प्रदान गरिएको छ। आयोजनाबाट प्रभावितका जेहेन्दार, लगनशील र विपन्न विद्यार्थी छनोट गरी छात्रवृत्ति प्रदान गरिएको शर्माले बताउनुभयो।

मापदण्ड बनाएर विद्यार्थी छनोट गर्ने जिम्मेवारी सम्बन्धित विद्यालयलाई नै दिइएको छ । "छात्रवृत्ति प्रदानका लागि एउटा मापदण्ड बनाएका छौं, प्रभावितमध्ये पनि विपन्न, जेहेन्दार विद्यार्थी हुनुपर्छ", शर्माले भन्नुभयो, "सोही मापदण्डभित्र रहेर विद्यालयले नै विद्यार्थी छनोट गर्नेछ।"

आयोजनाले सामाजिक उत्तरदायित्व बहनअन्तर्गत खानेपानी, बाटो निर्माण गरिरहेको छ । साथै विद्युत् सेवा नपुगेका ग्रामीण भेगहरूमा विद्युतीकरणको कार्यक्रम पनि आयोजनाले सञ्चालन गरिरहेको छ।

यस्तै भीमाद नगरपालिकामा रहेको जनज्योति क्याम्पसको भवनमा तला थप गर्नका लागि पनि आयोजनाले सहयोग गरेको छ । आयोजनाले फागुन दोस्रो सातादेखि भीमाद नगरपालिका-५ मा प्रभावित समुदायलाई सिलाइ कटाइ तालीमसमेत सञ्चालन गरिरहेको छ। आयोजनाले प्रभाव पारेको व्यास नगरपालिका, भीमाद नगरपालिका ऋषिङ गाउँपालिका र म्याग्दे गाउँपालिकाका एक हजार जनाका लागि सीपमूलक तालीम सञ्चालन गरिनेछ । त्यसमध्ये पहिलो चरणमा भीमाद-५, म्याग्दे-५ र ऋषिङ-५ का २० जनाको सहभागिता छ। तालीम ६५ दिनसम्म सञ्चालन हुनेछ।

# मानुङकोटमा लगानीकर्ताको आर्कषण बढ्दै

पोखरापत्र संवाददाता
तनहुँ, ७ चैत

सुविधा खोज्दै मानुङकोटका बासिन्दा बसाइ झरेपछि सुनसान बन्दै गएको अवस्थामा पछिल्लो समय पुनः चहलपहल बढ्न थालेको छ। तनहुँको व्यास नगरपालिका-५ मानुङकोट आन्तरिक एवं बाह्य पर्यटकको आगमन बढ्न थालेपछि यस ठाउँको मुहार फेरिन लागेको हो।

दैनिक सयौं पर्यटकको चहलपहल बढेसँगै पर्यटन व्यवसायीले ठूलो रकम लगानी गर्न उत्सुक भएका छन् । केबलकार, जिपलाइन, स्वीमीङ पुलसहित रिसोर्ट बनाउन निजीस्तरबाट अर्बौं लगानी गर्न चासो देखाउन थालेका छन्। रु चार अर्बको एक प्रस्ताव स्वीकृत भएको र विस्तृत परियोजना प्रतिवेदन आउने तयारीमा रहेको व्यास नगर पालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । व्यास हिल्स प्राइभेट लिमिटेडको नाममा उद्योगी आनन्द बतास समूहले मानुङकोटमा रु चार अर्बको लगानी गर्न तयार रहेको भनी प्रस्ताव पेश गरेकोमा स्वीकृत गरिएको उहाँले बताउनुभयो।

लगानीकर्तालाई आकर्षित गर्न सार्वजनिक निजी साझेदारी ऐन पारित गरी सहज वातावरण बनाइएको नगरपालिकाले जनाएको छ। यस ऐनको माध्यमबाट नगरपालिकामा पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा सार्वजनिक सेवा प्रवाह गरी मुलुकको बृहत सामाजिक तथा आर्थिक विकास गर्न सहज भएको छ । नगरप्रमुख न्यौपानेले भन्नुभयो, "सर्वसाधारणलाई भरपर्दो र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउन आवश्यक व्यवस्था गर्न ऐन निर्माण गरिएको हो।" कम्पनीको प्रस्तावपछि व्यास नगरपालिकाले विस्तृत परियोजना रिपोर्ट (डिपीआर) का लागि स्वीकृत प्रदान गरिसकेको नगरपालिकाले जनाएको छ। उक्त कम्पनीले पाटनबाट मानुङकोटसम्म जिपलाइन एवं केबलकार बनाउने प्रस्ताव गरेको छ । कम्पनीले यो परियोजनाका लागि केही जग्गा खरिद गर्ने र ४० रोपनी जमीन भाडामा दिनको लागि पनि नगरपालिकासँग प्रस्ताव पेश गरेको बताइएको छ। प्रस्ताव निश्चित अवधिको लागि सम्झौता गर्ने र वार्षिक रुपमा सार्वजनिक जग्गाको भाडा र कर लिने व्यवस्था मिलाइएको नगरप्रमुख न्यौपानेले बताउनुभयो ।

कोरोना भाइरसको सङ्क्रमणले देशका अन्य ठाउँमा चहलपहल कम भए पनि यहाँ भने विगतभन्दा बढी आन्तरिक पर्यटक भित्रिएका छन्। यहाँको मुख्य दृश्य सूर्योदय र सूर्यास्त छ। त्यसैगरी मानुङकोटबाट धवलागिरि, माछापुच्छे, अन्नपूर्ण, मनास्लु, लमजुङलगायत अधिकांश हिमशृङ्खला देखिन्छ । दमौली बजारलाई कुहिरोले ढाक्नुलाई धार्मिक प्रसङ्गसँग पनि जोडिएको छ । परापूर्वकालमा महर्षी व्यासका पिता पराशर ऋषिले माझीकी छोरी मत्स्यगन्धासँग सम्भोग गर्न लागेको समय लोकलाई पत्तो नहोस् भनेर कुहिरो उत्पन्न गराइ दिएको प्रसङ्ग उल्लेख छ । उक्त स्थानबाट कास्की, गोरखा, सदरमुकाम दमौली बजार, मादी नदी, साँगे खोला, तनहुँ जलविद्युत्को ड्याम र निर्माणस्थल लगायतको मनोरम ठाउँ देखिन्छ।

मानुङकोटको चर्चा जताततै हुन थालेपछि पर्यटन व्यवसायीको ध्यान तानिएकाले ठूला लगानीकर्ता भित्रिन लागेको प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले बताउनुभयो।


**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ।

सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३


# मालढुङ्गा-बेनी सडक कालोपत्र गरिने

पोखरापत्र संवाददाता
पर्वत, ७ चैत

छिमेकी जिल्ला म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने कालीगण्डकी करिडोरअन्तर्गत मालढुङ्गा-बेनीसम्मको सडकलाई दुई लेनमाविस्तार गरी कालोपत्रगर्ने योजना अघि बढाइएको छ।

बहुवर्षीय ठेक्कामार्फत सडक निर्माण गर्न लागिएको हो। म्याग्दीको सदरमुकाम बेनीजोड्ने छोटो दूरीको यो सडक जीर्ण हुँदा सर्वसाधारणले सास्तीभोग्दै आएका थिए। यस सडकलाई कालिगण्डकी करिडोरअन्तर्गतसमावेशगरेरसडक निर्माण थालिएपछि स्थानीयवासी उत्साहित भएका छन्। मुस्ताङको कोरला नाकादेखि दक्षिणको सुनौलीसम्म जोड्ने कालीगण्डकी करिडोर अन्तर्गत पर्वतको मालढुङ्गादेखि म्याग्दीको सदरमुकाम बेनीसम्मको खण्डका रूपमा यो सडकलाई कायम गरेर सडक निर्माणलाई अगाडि बढाइएको हो । मालढुङ्गादेखि बेनीसम्म १३ किलोमिटर साँघुरो सडकलाई चौडा पारी मध्यपहाडी सडककै मोडेलमानिर्माण गरिने भएको छ। सडक निर्माणका लागिएपेक्स खड्का कृष्ण जेभीबाँकेलाई छनौंट गरी सम्झौताकोचरणमारहेकोआयोजनाले जनाएको छ । चैत महीनाभित्र निर्माण व्यवसायीसँग ठेक्का सम्झौताभई वैशाखबाट काम शुरु गर्ने तयारी रहेको बेनी-जोमसोम कोरला सडक आयोजनाका प्रमुख रामेश्वर लम्सालले बताउनुभयो। उहाँका अनुसार तीनवर्षभित्र सडक निर्माण सम्पन्नगरिने लक्ष्य छ । कूल रु ७२ करोड लागत अनुमान गरिएको भएपनि सबैभन्दा कम मूल्यको प्रस्तावलाई स्वीकृत गरेर रु ५२ करोड ८६ लाखमा ठेक्का सम्झौताहुने आयोजनाले जनाएको छ ।सडक निर्माणका लागि अर्थमन्त्रालयले बहुवर्षीय ठेक्काका लागि यसै वर्ष स्वीकृति दिएको थियो। यसअघि म्याग्दीको बेनीदेखि मुस्ताङको जोमसोम हुँदै कोरलासम्म र मालढुङ्गादेखि बागलुङ र पर्वततर्फबाट समानान्तररूपमा सडकको काम भइरहेको थियो । मालढुङ्गाबाट बेनीपुग्नका लागि मालढुङ्गा-बेनी सडक वा बागलुङतर्फबाट कालीगण्डकी किनारै किनार सडक बनाउने भन्ने विषय अन्योलमा थियो । विसं २०४८ माम्याग्दीको सदरमुकाम बेनीजोड्नका लागि यो सडक 'कामका लागि खाद्यान्न'कार्यक्रम अन्तर्गत शुरु भएको थियो । त्यसपछिमालढुङ्गा-बेनी-दरबाङ-सडक आयोजनाका रूपमा यसमा काम भएको थियो भने पछिल्लो समय डिभिजन सडक कार्यालय बागलुङ मर्मतको कामगर्दै आएको छ । सडक स्तरोन्नति भएपछि मुस्ताङ जाने पर्यटक र पर्वत, म्याग्दी र मुस्ताङका बासिन्दा प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ। कामका लागि खाद्यान्न' कार्यक्रम अन्तर्गत शुरु भएको थियो।

त्यसपछि मालढुङ्गा-बेनी-दरबाङ-सडक आयोजनाका रूपमा यसमा काम भएको थियो भने पछिल्लो समय डिभिजन सडक कार्यालय बागलुङ मर्मतको कामगर्दै आएको छ । सडक स्तरोन्नति भएपछि मुस्ताङ जाने पर्यटक र पर्वत, म्याग्दी र मुस्ताङका बासिन्दा प्रत्यक्षरूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ।

# भारतमा दैनिक संक्रमितको सङ्ख्यामा फेरि वृद्धि, एकैदिन झण्डै ४१ हजार संक्रमित

रासस
दमौली, ७ चैत

भारतमा कोरोनाभाइरसबाट दैनिक संक्रमितको सङ्ख्यामा फेरी तीव्र वृद्धि हुँदै गएको छ।

सरकारी अधिकारीले शनिबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा ४० हजार ९५३ जना सङ्क्रमित भएका छन्।

सोही अवधिमा २३ हजार ६५३ जना सङ्क्रमण मुक्त भएका छन् । सङ्क्रमणमुक्त भएकाको भन्दा थप सङ्क्रमितको सङ्ख्या झण्डै दोब्बर भएकाले महामारी थप फैलिदै गएको देखिएको छ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भारतमा अहिलेसम्म कुल एक करोड १५ लाख ५५ हजार २८४ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएको जनाएको छ। तीमध्ये दुई लाख ८८ हजार ३९४ जना अझै पनि सङ्क्रमित रहेको मन्त्रालयको तथ्याङ्क छ।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएकामध्ये एक लाख ५९ हजार ५५८ जनाको मृत्यु भएको छ। तीमध्ये १८८ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो । कोरोनाभाइरसबाट महाराष्ट्र प्रदेश सबैभन्दा बढी प्रभावित भएको छ । महाराष्ट्रमा मात्रै पछिल्लो २४ घण्टामा १३ हजार ६०१ जना सङ्क्रमित भएका छन्। सोही अवधिमा ५८ जनाको मृत्यु भएको छ।

# 'हरिमोहन स्मृति सम्मान' अधिकारीलाई

पोखरापत्र संवाददाता
बागलुङ, ७ चैत

साविकको धौलागिरिकै सबैभन्दा जेठो विद्या मन्दिर पुस्तकालयले आफ्नो ७३औं साधारणसभामा विभिन्न सम्मान तथा पुरस्कार वितरण गरेको छ। साधारणसभाको अवसरमा पुस्तकालयको विकास र शैक्षिक क्षेत्रमा योगदान गर्ने तीन शिक्षा सेवीलाई नगदसहित विभिन्न कोषबाट सम्मान गरिएको हो।

पुस्तकालयका पूर्वअध्यक्ष महेशचन्द्र प्रधानले आमा बाबुको स्मृतिमा स्थापना गर्नुभएको हरिमोहन स्मृति कोषबाट पूर्वअध्यक्ष देवेन्द्रराज अधिकारीलाई मरणोपरान्त सम्मान गरिएको छ । अक्षय कोषबाट रु सात हजार ५०० नगदसहित सम्मान गरिएको हो । अधिकारीका छोरा सञ्जय अधिकारीले उक्त सम्मान ग्रहण गर्नुभयो । त्यस्तै ज्ञानोदय पुस्तकालयका संस्थापक अध्यक्ष कृष्णलाल शाक्यलाई पनि हरिमोहन स्मृति सम्मान प्रदान गरिएको छ । गण्डकी प्रदेशसभा सदस्य इन्द्रलाल सापकोटाले दोसल्ला ओडाएर उहाँहरूलाई सम्मान गर्नुभएको थियो । विद्या मन्दिर पुस्तकालयका संस्थापक ओमप्रसाद गौचन र मेघकुमार वैद्यको नामबाट स्थापना भएको 'ओमप्रसाद-मेघकुमार' स्मृति सम्मानबाट यस वर्ष डाक्टर शास्त्रदत्त पन्तलाई प्रदान गरिएको छ । हरेक दुई वर्षमा प्रदान गरिने यो सम्मान यस वर्ष पन्तले नेपाली शिक्षा, कला र साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै प्रदान गरिएको हो।

# नेल्टा गण्डकीको अध्यक्षमा सहदेव पौडेल

**मिना पौडेल**
**पोखरा, ७ चैत**

नेपाल पशु स्वास्थ्य सेवा प्राविधिक संघ(नेल्टा) गण्डकीको पोखरामा शनिवार सम्पन्न दोस्रो भेला तथा अधिवेशनले आगामी चार वर्षका लागि सहदेव पौडेलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।



समितिको खुल्ला उपाध्यक्ष बलराम अधिकारी, महिला उपाध्यक्ष गोमा कुमारी श्रेष्ठ, सचिव पुरुषोत्तम कोइराला, सहसचिव मनोज पन्त, कोषाध्यक्ष शुशील बास्तोला छन्।

समितिको सदस्यमा इन्द्रहरी खनाल, प्रदिप गौतम, खेम पौडेल, हेम भुर्तेल, लोकराज कोइराला, अर्जुन ढकाल र गणेश जिसी छन्।

निर्वाचित अध्यक्ष सहदेव पौडेलले कृषिप्राविधिकलाई समेट्दै समस्या समाधानमा प्राथमिकता दिने बताए।

निर्वाचन संयोजक एवं कास्की काँग्रेसका प्रवक्ता नवीन सिग्देल, नेपाल पत्रकार महासंघ कास्कीकी उपाध्यक्ष विमला भण्डारी, नेल्टाका अध्यक्ष जनकबहादुर रावल, महासचिव सुरेश श्रेष्ठ लगायतले निर्वाचित कार्य समितिका पदाधिकारी एवं सदस्यहरुलाई बधाई ज्ञापन गरेका थिए।

# लायन्स क्लब अफ पोखरा गतिशिल स्टारमा केशव

**मिना पौडेल**
**पोखरा, ७ चैत**

लायन्स क्लब अफ पोखरा गतिशिल स्टार को दोश्रो अधिवेशनले केशव शर्मा सापकोटाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।



शुक्रबार पोखरामा सम्पन्न भएको उक्त अधिवेसनले सन् २०२१/०२१ को लागि सापकोटाको अध्यक्षतामा नयाँ कार्य समिति चयन गरेको हो। स्टारको प्रथम उपाध्यक्षमा अनिल गुरुङ, द्धितिय उपाध्यक्षमा नवराज पौडेल, तृतीय उपाध्यक्षमा ओम थापा, सचिवमा राजेश तिवारी, सह–सचिवमा लेखराज के.सी., कोषाध्यक्षमा राधिका बराल, निर्देशकमा भिम बराल र अन्य सदस्यहरुमा देवी सापकोटा पौडेल, राजु ज्ञवाली र मन्जु थापा रहेका छन्। बाबुराम सापकोटाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रथम उपाध्यक्ष अनिल गुरुङ, लायन लेख बहादुर प्रधान, ओम थापा लगायतले वोलेका थिए।

# तनहुँसुरमा सामुदायिक घरवास सञ्चालन

**–कृष्ण न्यौपाने**
**गण्डकी, ७ चैत(रासस)**

तनहुँको व्यास नगरपालिका-११ स्थित ऐतिहासिकस्थल तनहुँसुरमा सामुदायिक घरवास सञ्चालन गरिएको छ। ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक एवं प्राकृतिक सम्पदा तथा जैविक विविधताको संरक्षण गर्दै तनहुँसुर भ्रमण गर्न आउने आन्तरिक एवं बाह्य पर्यटकका लागि खाना तथा आवासको सहज व्यवस्थापन गर्न घरवास सञ्चालन गरिएको हो।

पाल्पालीथोक, पत्यारथोक र गङ्गलीथोकका बासिन्दा मिलेर तनहुँसुर देवस्थल सामुदायिक घरवास सञ्चालन गरिएको अध्यक्ष पदमबहादुर थापाले जानकारी दिनुभयो। पछिल्लो समय तनहुँसुरमा आन्तरिक पर्यटकको चहलपहल हुन थालेपछि घरवास सञ्चालन थालिएको उहाँले बताउनुभयो। कूल ३० घरधुरी रहेको यस ठाउँका १४ घरधुरीमा घरवास सञ्चालन गरिएको छ। उक्त घरवासमा ४० बास बस्न सक्नेछन्। मगर, नेवार र दलितको बसोबास रहेको यहाँका घरवासमा आउने पर्यटकलाई मकै, कोदो, फापर, मास, बोडी, भट्टलगायतका परिकार खुवाइने घरवास सञ्चालक समितिका उपाध्यक्ष मदन आलेले जानकारी दिनुभयो। उक्त घरवासको शुक्रबार गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री हरिबहादुर चुमानले शुभारम्भ गर्नुहुँदै ग्रामीण पर्यटनबाट समृद्धि सम्भव भएको बताउँनुभयो। उहाँले संस्कृतिलाई आयआर्जनसँग जोड्नुपर्ने आग्रह गर्नुभयो। व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले ग्रामीण पर्यटन प्रवर्द्धनका लागि घरवासको भूमिका महत्वपूर्ण हुने जनाउँदै ऐतिहासिक एवं शहीद गाउँ तनहुँसुरको प्रवर्द्धनका लागि नगरपालिका जुटिरहेको बताउनुभयो। "सेन राजाले राज्य सञ्चालन गरेको ठाउँ भएकाले यस ठाउँको प्रचुर सम्भावना छ, त्यसैलाई मध्यनजर गर्दै घरवास सञ्चालनका लागि नगरपालिकाले पनि सहयोग गरेको छ", उहाँले भन्नुभयो।

तनहुँसुर सेन वंशीय राजाले राज्य सञ्चालन गरेको ठाउँ हो। यहाँ रहेको ऐतिहासिक खड्गदेवी मन्दिरको केही दिन अगाडिबाट पुनःनिर्माण शुरु भएको छ। पुरातत्व विभागको रु ७० लाखको लागतमा खड्गदेवी मन्दिरको पुनःनिर्माण शुरुआत गरिएको हो।

तनहुँ जिल्लाको नाम तनहुँसुरबाट अपभ्रंश भएर रहेको भन्ने किम्वदन्ती छ। पाल्पाका राजा मणिमुकुन्द सेनले आफ्ना जेठा छोरा भृङ्गीसेनलाई सन् १६१० मा तनहुँमा राज्य सञ्चालन गर्न पठाएको र उनी पछिका आठ सेनवंशी राजाले २३० वर्ष तनहुँसुरबाट राज्य सञ्चालन गरेको इतिहास रहेको छ। तनहुँसुर दरबारका अवशेष, राजपरिवारले प्रयोग गरेका किल्ला र गढी, धारा, तोप तथा अन्य हातहतियार, बारुदीखाना, राजाले न्याय निसाफ तथा कचहरी सञ्चालन गर्ने गद्दीचौतारा, साउने कुवा, कुँडापानी, बाइससिढी चौतारी, ढुङ्गेसाँगु, फूलपाती ढुङ्गा, रानीपोखरी, धर्मशाला, रानीबगैचा, भगवतीपानी मन्दिर यहाँका पर्यटकीय सम्पदा हुन्। विसं २०२५ सम्म भरिभराउ रहेको तनहुँसुर अहिले भने उजाडजस्तै बनेको छ। यहाँका नेवार समुदायको हटिया रित्तिएको छ। विकास र व्यापारको खोजीमा तनहुँसुरका नेवार समुदाय दमौली, चितवन, पोखरा, काठमाडौँलगायतका ठाउँमा बसाई सरेर गएका छन्। तनहुँसुरबाट हिमशृङ्खला, महाभारत पर्वत शृङ्खला, कलेस्तीफाट, चुँदीफाट, गोरखा तथा कास्की जिल्लाका विभिन्न स्थान अवलोकन गर्न सकिन्छ।

तनहुँसुरसम्म पुग्ने खड्गदेवी मोटरमार्गको छ किलोमिटर खण्ड कालोपत्रेको तयारी थालिएको छ। सङ्घीय सरकारको रु पाँच करोड र व्यास नगरपालिकाको रु पाँच करोड गरी रु दश करोड लागतमा सडक कालोपत्रेको तयारी भइरहेको छ। सन् १६७५ तिरका पाल्पाका शक्तिशाली राजा मुकुन्दसेनले तनहुँसुरलाई आफ्नो राज्यमा मिलाएका थिए।

तनहुँसुरको बारेमा प्रकाशित पुस्तक 'मोतीको माला' मा उल्लेख भएबमोजिम राजा मुकुन्दसेनको मृत्यु परोणान्त तनहुँ प्रदेशका प्रशासक छोरा भृङ्गीसेनले तनहुँलाई स्वतन्त्र राज्य घोषणा गरेका थिए। भृङ्गीसेनका छोरा हम्बिर सेन र धर्माङ्गद सेनबीच तनहुँ राज्यको उत्तराधिकारी हो हुने भन्ने विषयमा विवाद चलेको बताइन्छ।

उक्त विवादमा दलभञ्ज्याङका रणभन्जन थापाले सहयोग गरेकाले राजा हम्बिर सेनले भाइ धर्माङ्गद सेनलाई तनहुँको राजगद्दीबाट हटाएका थिए। राजा हम्बिर सेनले भाइ धर्माङ्गद सेनलाई तनहुँको राजा तँ न हो भनेकाले तनहुँ र भाइ धर्माङ्गद सेनले ल म जुङ्ग भनेकाले लमजुङ नाम बन्न गएको किंवदन्ती रहेको छ। तनहुँसुरका अन्तिम राजा हरकुमारदत्त सेन र लमजुङका राजा वीरमर्दन शाह मनाङ, मुस्ताङ, पर्वत र पाल्पाको बाटो हुँदै तनहुँको शासनभार त्यागेर तनहुँको विरासत राज्य रामनगरमा पुगेर विश्राम लिएको बताइन्छ।

# ६५ घरधुरी मिलेर टिमुरखेती

**पोखरापत्र संवाददाता**
**तनहुँ, ७ चैत**

आँबुखैरेनी गाउँपालिका-६ स्थित हिलेखर्कका करीब ६५ घरधुरी मिलेर व्यावसायिकरूपमा टिमुरखेती गर्दै आएका छन्। स्थानीयवासीले आफ्नो क्षमताअनुरुपको टिमुरका बिरुवा ल्याएर लगाउँदै आएका हुन्। हाल २०० रोपनी क्षेत्रफलमा करीब २० हजार टिमुरका बिरुवा लगाइसकेका छन्।

थोरै लगानी र मेहनतमा राम्रो आम्दानी हुने देखेपछि यहाँका मानिस टिमुरखेतीतर्फ आकर्षित भएको हिलेखर्क-बाँसलडाँडा एकीकृत कृषक समूहका अध्यक्ष धनबहादुर गुरुङले बताउनुभयो। घरबास सञ्चालन गरेर पर्यटकीय गन्तव्यका रूपमा ख्याति कमाउँदै आएको हिलेखर्कवासीले पछिल्लो समय टिमुरखेतीलाई पनि सँगसँगै लैजान थालेको उहाँले जानकारी दिनुभयो। शुरुमा २५ जना मिलेर समूह गठन गरेर टिमुरखेतीको शुरुआत गरिएको थियो तर अहिले यस खेतीतर्फ किसानको आर्कषण बढ्दै गएको छ। तीन/चार वर्षअघि केही व्यक्तिले थोरैथोरै टिमुरको खेती गरे पनि अघिल्लो वर्षदेखि व्यावसायिकरूपमा नै खेती गर्न थालेका छन्। डिभिजन वन कार्यालयको सहकार्यमा बनेपाबाट दमौलीसम्म बिरुवा ल्याउने कार्य भए पनि दमौलीबाट गाउँसम्म कृषक समूहले नै बिरुवा ढुवानी गरेर लगाएका हुन्।

उक्त बिरुवा डाबर नेपाल बनेपाबाट बिरुवा ल्याएर प्रत्येक घरधुरीले मिलेर टिमुरखेती गरको छ। अध्यक्ष गुरुङले भन्नुभयो, "सबै घरधुरीले कम्तीमा दुई सय/तीन सय बिरुवा लगाएका छन्।" टिमुरखेती नेपालका पहाड, तराई र हिमाल सबै क्षेत्रमा गर्न सकिने बताइएको छ। विशेषगरी समुन्द्री सतहबाट एक हजार २०० देखि एक हजार ६०० मिटर उचाइ टिमुरखेतीका लागि उत्तम स्थल मानिन्छ। बिरुवा लगाएको चार वर्षपछि फल्न शुरु गर्ने र मूल्य पनि राम्रो पाइने भएपछि स्थानीयवासी यस खेतीतर्फ सक्रिय भएर लाग्न थालेका छन्। उनीहरूले लगाएको यो दोस्रो वर्ष लागेको छ। रुखो जग्गा जमीन तथा वनमा समेत टिमुरखेती सजिलै गर्न सकिने र धेरै मेहनत गर्नु नपर्ने तथा थोरै लगानीमा पनि गर्न सकिने भएपछि स्थानीयवासीले अभियानकैरूपमा टिमुरखेती थालेका छन्।

स्थानीय जीतबहादुर गुरुङले मात्रै एक हजार ५०० टिमुरका बिरुवा लगाउनुभएको छ। खेती गर्न सजिलो हुने र आम्दानी पनि राम्रो हुने देखेपछि यसतर्फ लागेको उहाँले जानकारी दिनुभयो। टिमुरका बिरुवा बाहिर किन्दा रु १०० देखि रु १५० सम्म पर्ने भए पनि समूहमार्फत ल्याउँदा प्रतिबिरुवा रु ४० परेकाले शुपथ मूल्यमा पाएको उक्त कृषक समूहले जनाएको छ। बिरुवाका लागि जडीबुटी विकास कार्यक्रममार्फत रु आठ लाख ५० हजार विनियोजन भएपछि डिभिजन वन कार्यालयसँग समन्वय गरी बिरुवा खरीद गरेर लगाइएको समूहका कोषाध्यक्ष गिनेन्द्रबहादुर गुरुङले जानकारी दिनुभयो। यसरी टिमुरखेती गर्ने लहर बढ्न थालेपछि सोही वडास्थित ज्यामिरे, ढिडेगाउँ, ढापस्वाँरा, सिरानखोलालगायतका बासिन्दासमेत टिमुरखेतीतर्फ आकर्षित भएका छन्।

# जिपी कोइराला उपचार केन्द्रमा निर्मित आइसोलेशन कक्ष हस्तान्तरण

**रासस**
**दमौली, ७ चैत**

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रमा निर्माण सम्पन्न भएको आइसोलेशन कक्ष भवन हस्तान्तरण गरिएको छ।

नेपाली राजनीतिका शिखर पुरुष पूर्वप्रधानमन्त्री स्व गिरीजाप्रसाद कोइरालाको ११औँ स्मृति दिवसका अवसरमा आज आयोजित कार्यक्रममा उक्त भवन उपचार केन्द्रलाई हस्तान्तरण गरिएको हो। जिल्लाका दशवटै स्थानीय तहको लागत सहभागितामा निर्माण सम्पन्न भएको भवनको साँचो व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, शुक्लागण्डकी नगरपालिकाका प्रमुख किसान गुरुङ, उपप्रमुख सविता रसाइली, भीमाद नगरपालिकाका उपप्रमुख शारदा खनाल, प्रमुख जिल्ला अधिकारी सागर आचार्यले अस्पताल सञ्चालक समितिका सदस्य राम भण्डारीलाई हस्तान्तरण गर्नुभएको छ। लगत्तै अस्पताल सञ्चालक समितिका सदस्य भण्डारीले उक्त साँचो कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठलाई हस्तान्तरण गर्नुभयो। कोरोना महामारीका बेला सङ्क्रमितलाई उपचारको व्यवस्था मिलाउन उक्त भवन निर्माण शुरु गरिएको थियो। भवन निर्माण केही समय अगाडि नै सम्पन्न भए पनि कोइरालाको स्मृति दिवसका अवसरमा हस्तान्तरण गर्ने योजना बनेको थियो। रु ७२ लाखमा उपभोक्ता समितिमार्फत सम्पन्न भएको भवनमा शुक्लागण्डकी नगरपालिकाले १४ प्रतिशत, व्यास, भीमाद र भानु नगरपालिकाले १२/१२ प्रतिशत लागत सहभागिता बेहोरेका छन्। त्यस्तै देवघाट गाउँपालिकाले पाँच प्रतिशत, घिरिङ, म्याग्दे, ऋषिङ, आँबुखैरेनी र बन्दीपुर गाउँपालिकाले नौ/नौ प्रतिशत लागत सहभागिता बेहोरेको अस्पतालका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो। उक्त भवन ५० शैया क्षमताको रहेको छ।

कार्यक्रममा शुक्लागण्डकी नगर प्रमुख किसान गुरुङले सहमति, सहकार्य र सहअस्तित्वबाट सोचेको लक्ष्य पूरा गर्न सकिने जनाउँदै तनहुँका स्थानीय तहबीच सदैव उक्त सहकार्य हुनुपर्नेमा जोड दिनुभयो। "एउटा पालिकाको प्रयासले मात्रै भवन बनाउन सम्भव थिएन, सबै पालिकाको सहकार्यमा भवन निर्माण गर्न सक्यौँ", उहाँले भन्नुभयो, "यस्तो सहकार्य भविष्यमा पनि भइरहनेछ।"

व्यासका नगर प्रमुख वैकुण्ठ न्यौपानेले कोभिड सङ्कटमा जिपी कोइराला उपचार केन्द्रले पुऱ्याएको योगदानले यसको गरिमा थप उँचो भएको बताउनुभयो। उपचार केन्द्रको सुधार, स्तरीकरणमा पनि स्थानीय तहको सदैव सहयोग रहने उल्लेख गर्दै न्यौपानेले भन्नुभयो, "शुरुमा कुनै पनि अस्पताल कोभिड बिरामी राख्न तयार भएनन्, तर जिपीले देखाएको सक्रियताले कोभिड बिरामीको उपचार गर्न सहज भयो।" प्रमुख जिल्ला अधिकारी सागर आचार्यले भवन अभावमा नियमित सेवा बन्द गरेर पनि उपचार केन्द्रले कोभिड सङ्क्रमितको उपचारमा देखाएको तत्परता सराहनीय रहेको बताउनुभयो।

उपचार केन्द्रका सञ्चालक समिति सदस्य भण्डारीले भौतिक पूर्वाधारको अभावमा पनि उपचार केन्द्रले कोभिड बिरामीको उपचारमा सम्भव भएसम्मका सबै उपचार गरेको बताउनुभयो। "अन्तरराष्ट्रियस्तरको गुणस्तरीय सेवा प्रवाहका लागि जिपी सदैव प्रतिबद्ध छ", उहाँले भन्नुभयो, "त्यसका लागि स्थानीय तहसँग सहकार्य गरेर अगाडी बढ्छौँ।"

कार्यक्रममा सहभागीले स्व कोइरालाको योगदान भुल्न नहुनेमा जोड दिनुभयो। शान्ति प्रक्रिया टुङ्गोमा पुऱ्याउन कोइरालाले पुऱ्याउनुभएको योगदान चीरस्थायी भएर रहिरहने वक्ताहरूको जोड थियो।

# नेपाल पत्रकार महासंघको निर्वाचन कार्यतालिका सार्वजनिक

**रासस**
**काठमाडौं, ७ चैत**

नेपाल पत्रकार महासङ्घ केन्द्रीय निर्वाचन समितिले चैत २५ गते हुने निर्वाचनको कार्यतालिका प्रकाशन गरेको छ।

निर्वाचन कार्यक्रमअनुसार चैत ८ गते बेलुकी ५:१५ बजे मतदाता नामावली प्रकाशन गरिने छ। मतदाता नामावली उपर दाबी विरोध चैत ९ गते दिउँसो १२ : ३० बजेदेखि चैत १० गते दिउँसो १२ : ३० बजेसम्म गर्ने गरी तोकिएको महासङ्घका सचिव प्रकाश थापाले जानकारी दिनुभयो। मतदाताको अन्तिम नामावली चैत ११ गते दिउँसो ४ बजे प्रकाशन गरिने छ। यसैगरी उम्मेदवारी मनोनयन चैत १२ गते बिहान १० :३० बजेदेखि दिउँसो ४ बजेसम्म गरिने छ। उम्मेद्वारको अन्तिम नामावली प्रकाशन चैत १२ गते साँझ ६ बजे गरिने समितिले जनाएको छ। उम्मेद्वारमाथि दाबी विरोध चैत १३ गते बिहान १० : ३० बजेदेखि दिउँसो ४ बजेसम्म हुने गरी तोकिएको छ।

यसैगरी उम्मेद्वारले नाम फिर्ता लिने समय चैत १४ गते दिउँसो ४ बजेसम्म तोकिएको छ। उम्मेद्वारको अन्तिम नामावली प्रकाशन चैत १४ गते साँझ ६ बजे गरिनेछ। मतदान चैत २५ गते बिहान ९ बजेदेखि अपराह्न ५ बजेसम्म हुनेछ। महासङ्घको संशोधित विधानअनुसार यसपटक सबै साधारण सदस्यले जिल्ला,प्रदेश र केन्द्रका सबै पदाधिकारी एवं सदस्यका लागि मतदान गर्न पाउनेछन्। मतदान आफू सदस्य रहेको शाखामै गर्न पाइने जनाइएको छ। केन्द्रीय निर्वाचन निर्देशिका तथा निर्वाचन कार्यतालिका महासङ्घको वेबसाइटमार्फत सार्वजनिक गरिएको सचिव थापाले बताउनुभयो। केन्द्रीय निर्वाचन समितिको कार्यालय महासङ्घको केन्द्रीय कार्यालयमै रहेको छ। यसैगरी प्रदेश, जिल्ला, प्रतिष्ठान र एसोसियट संस्थाको निर्वाचन कार्यक्रम सम्बन्धित एकाईकै निर्वाचन समितिले सार्वजनिक गर्ने जनाइएको छ। ती एकाईको मनोनय दर्तालगायत प्रक्रिया पनि सम्बन्धित एकाईमै हुनेछ। देशभरबाट निर्वाचनका लागि महासङ्घका करिब १४ हजार साधारण सदस्य सहभागी हुनेछन्।

# पर्यटन प्रवर्द्धन गर्न खेलकूद

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ चैत**

व्यासनगरपालिका कार्यालयले खेलकूदका माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मानुङकोटमा वर्षेनी म्याराथनको आयोजना गर्दै आएको छ। शहीद दिवसको दिनमा मानुङकोटबाट पुलिमराङसम्म म्याराथन दौड प्रतियोगिता गर्दै आएको हो।

त्यसैगरी अन्तरराष्ट्रिय नारी दिवसको दिन दमौलीको व्यासगुफाबाट तनहुँसुरसम्मको दूरीमा महिला खुल्ला हाफ म्याराथन यसै वर्षदेखि शुरु गरिसकेको छ।

खेलकूदको संरक्षण गर्दै धार्मिक, ऐतिहासिक र सांस्कृतिक पर्यटकीय क्षेत्रको विकास गर्न नगरपालिकाले योजना बनाएर अघि बढ्न थालेको छ।

# पाकिस्तानी प्रधानमन्त्री खानलाई कोभिड-१९ संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, ७ चैत**

पाकिस्तानी प्रधानमन्त्री इमरान खानलाई शनिबार कोभिड-१९ सङ्क्रमण पुष्टि भएको पाकिस्तानी अधिकारीहरूले पुष्टि गरेका छन्।

पाकिस्तानी सूचना मन्त्री शिब्ली फराजले जियो न्यूज टेलिभिजनसँगको कुराकानीमा प्रधानमन्त्री खानले खोप लगाउनुभन्दा पहिले नै सार्वजनिक कार्यक्रमहरूमा सक्रिय रहेकाले त्यही समय सङ्क्रमण सरेको हुनसक्ने बताउनुभएको छ। कोभिड-१९ विरूद्धको पहिलो खोप लगाएको ठीक दुई दिनपछि उहाँलाई सङ्क्रमण भएको पुष्टि गरिएको छ। अठ्सठ्ठी बर्षीय प्रसिद्ध पूर्व क्रिकेट खेलाडीसमेत रहेका प्रधानमन्त्री खानले बिहीबार चीनमा विकास गरिएको सिनोफार्म खोप लगाउनुभएको थियो। पाकिस्तानी प्रधानमन्त्रीको कार्यालयले एक विज्ञप्ति जारी गरी भनेको छ, "अहिले हामी यति मात्र भन्न सक्छौं कि प्रधानमन्त्री खानलाई सङ्क्रमण पुष्टि भएको छ र उहाँले आफूलाई अन्य व्यक्तिको सम्पर्कबाट टाढा राख्नुभएको छ।" प्रधानमन्त्री खानलाई शनिबार हल्का खोकी र हल्का ज्वरो आएको पुष्टि उहाँका प्रवक्ता सहबाज गिलले गर्दै उहाँको शनिबार नै परीक्षण हुँदा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको हो। प्रधानमन्त्रीलाई सङ्क्रमण पुष्टि भएपछि विगत केही दिनमा उहाँको निकट पुगेका व्यक्तिहरूलाई सावधानी अपनाउन भनिएको छ। यसैबीच प्रवक्ता गिलले भन्नुभयो, "सङ्क्रमण पुष्टि हुनुलाई खोपसँग जोडेर नहेरिदिनोस्। खोप लगाएको केही हप्तापछि मात्र शरीरमा कोभिडविरूद्धको प्रतिरक्षा प्रणाली विकास हुने हो। तपाईको मान्यजनहरू तथा प्रियजनलाई खोप लगाउने सुनिश्चित गराउनुहोस्। सचेत रहनुहोस्।" पाकिस्तानमा शनिबारसम्ममा छ लाख २० हजार सङ्क्रमित रहेको सरकारी तथ्याङ्क रहेको छ भने यहाँ कोभिड-१९ सङ्क्रमित १३ हजार ८०० भन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ।

पाकिस्तानले चीनबाट सहयोगप्राप्त १० लाख खोपलाई प्रथमिकताका आधारमा स्वास्थ्यकर्मी तथा अग्रपङ्तीमा खटिने कर्मचारी पत्रकारलगायतका जोखिममा रहेका व्यक्तिहरूलाई दिन सुरू गरिसकेको छ।